आज मिति २०७४।१२।०७ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. | १ सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, | २ सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, | ३ सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, | ४ सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, | ५ सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, | ६ सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, | ७ सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, | ८ सदस्य |
| श्री महावीर वली | ,, ,, ,, | ९सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय:-

नं. १. गाउपालिकाको क्षेत्रफल ठुलो भएको, योजनहरु धेरै भएको कारणले गर्दा अत्यधिक कामको चाप भएको र दौडधुप ज्यादै गर्नु पर्ने भएकोले फिल्ड भत्ता बृद्धि गरि पाउ भनी यस गाउपालिकाका प्राविधिक शाखाका इन्जिनीयर, सव-इन्जियर तथा सव-ओभरसियरहरुले माग राखेको हुँदा प्राविधिकहरुले गरेको कामको मूल्याङ्कन गरि इन्जिनियरको हकमा गाउपालिकाको अध्यक्ष तथा अन्यको हकमा फिल्ड तोकिएका वडाको वडा अध्यक्षको सिफारिसमा मात्र फिल्ड भत्ता भूत्तानि दिने गरि मिति २०७४ साल फाल्गुन महिना देखी २०७५ साल असार महिना सम्मको लागी मात्र इन्जिनियरको लागी रु. १२०००। सव-इन्जिनियर र सव- आभरसियरको लागी रु. ९०००। का दरले मासिक फिल्ड भत्ता दिने निर्णय गरियो ।

नं. २.अध्यक्ष तथा उपाध्यक्षको सहायकको रुपमा काम गर्ने सन्तोष चौधरी तथा चेत बहादुर बुढाको तलव न्यून भएकोले थप गरिपाउ भनी माग राखेको हुँदा २०७४ साल चैत्र महिना देखी अध्यक्षको सहायकको लागी नेपाल सरकारको ना.सु सरहको र उपाध्यक्षको लागी नेपाल सरकारको खरिदार सरहले पाउने शुरु तलव स्केल बमोजिमको तलब दिने निर्णय गरियो ।

नं. ३. निर्वाचित महिला जन प्रतिनिधिहरु ( उपाध्यक्ष, गाउपालिका सदस्य तथा वडा सदस्य ) र अल्पसंख्यक गाउपालिका सदस्यलाई पोषाक भत्ता बाफत रु. ७५००। का दरले रकम उपलब्ध गराउने निर्णय गरियो ।

नं. ४.स्थानीय यूवाहरुलाई पत्रकारिता तालिम दिनको लागी रु. २०००००। दूई लाख बजेट विनियोजन गर्ने निर्णय गरियो

नं. ५.गाउपालिकाको प्रयोगको लागी एक वटा स्कारपियो गाढी भाडामा लिएकोमा उक्त गाडी गाउपालिकाका अध्यक्ष ज्यूले प्रयोग गर्दै आउनु भएको र गाउपालिकाको क्षेत्रफल ज्यादै ठुलो भएको, योजनाहरुको काम द्रुतगतिमा अगाडी बढि रहेकोले योजनाहरुको अनुगमन गर्ने जिम्मेवारी गाउपालिकाको उपाध्यक्षको रहेको हुँदा गाडी बेगर योजना अनुगमन गर्ने कार्य कठिनाई हुने हुँदा योजना अनुगमन गर्ने कार्यमा प्रयोग गर्नको लागी प्रकृया पुरा गरि एक थान गाडी भाडामा लिने निर्णय गरियो ।

नं. ६. गाउपालिकाको लेखा समितिमा निम्न व्यक्तिहरु रहने निर्णय गरियो ।

| | |
|---|---|
| क. श्री खुम बहादुर बस्नेत वडा अध्यक्ष वडा नं. ८ | संयोजक |
| ख. श्री जनक बहादुर थारु वडा अध्यक्ष वडा नं. ६ | सदस्य |
| ग. श्री दमकला जैसी गाउपालिका सदस्य | सदस्य |

नं. ७. यस गाउपालिका अन्तरगत वडा नं. २ को झरना खोलामा पुल निर्माणको लागी रु. ३५०००००। बजेट विनियोजन भएकोमा उक्त पुलको विस्तृत सर्भेक्षण प्रतिवेदन तयार गर्नु पर्ने र सो कार्य गर्नको लागी गाउपालिकामा दक्ष जनशक्ति नभएकोले सो कार्य परामर्शदाता बाट तयार गर्ने निर्णय गरियो ।

नं. ८. यस गाउपालिका अन्तरगत वडा नं. १ का वडा कार्यालय सुरक्षाको लागी मासिक रु. १२०००। बार हजार पारिश्रमिक दिने गरि एक जना चौकिदार राख्ने निर्णय गरियो ।

नं. ९. यस गाउपालिका अन्तरगत वडा नं. २ मा रहेको गौशालामा धेरै गाईहरु रहेकोले ति गाईहरुको हेरचाहाका लागी काम गर्ने हेरालूहरुले हाल सम्म कुनै सुविधा नपाएकोले हेरालुको सेवा सुविधाको लागी एकमुष्ट रु. १५००००। एक लाख पचास हजार विनियोजन गरि गाई हेरालुमा काम गरि रहेका व्यक्तिहरुलाई गाउपालिका बाटै सुविधा उपलब्ध गराउने निर्णय गरियो ।